किस्पाङ गाउँपालिकाको गाउँसभामा २०७७ साल आषाढ १० गते बुधबार अध्यक्ष श्री छत्र बहादुर लामाले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७७/७८ को

# नीति तथा कार्यक्रम

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले ,नुवाकोट
बागमती प्रदेश, नेपाल

गाउँ सभा सदस्य ज्यू हरु

१. नेपाली जनताको त्याग, बलिदान र संघर्षको ऐतिहासिक आन्दोलनबाट प्राप्त संघीयलोकतान्त्रिक गणतन्त्र नेपालको सहकारीता,सहअस्तित्व र समन्वयमा आधारीत ३ तहको सरकार मध्य नेपाल को संबिधान २०७२ ले ब्यबस्था गरेको जनताको सबै भन्दा नजिक रहेको सरकार स्थानीय तह, किस्पाङ गाउँपालिकाको आ.व. ०७७/०७८ को नीतितथा कार्यक्रम सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेको छु/

२. स्थानीय सरकारसहितको संबैधानिक ब्यबस्था र समाबेशीसंघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिकालागिज्यान आहुति गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदप्रति हार्दिक श्रदान्जलीअर्पण गर्दछु/ साथै बेपत्ता, घाइते तथा पिडित परिवार र नेतृत्वहरु प्रति उच्च सम्मान ब्यक्त गर्दछु/

३. हालकोभिड १९ को महामारीले बिश्व र पुरै देश आक्रान्तभई नेपाल राज्यभित्र हाल सम्म ९०२६ जना संक्रमित र २३ जनाको मृत्यु भई सकेको अबस्था छ/ यस अबस्थामा मृतकका शोकाकुल परिवार प्रति शोक ब्यक्त गर्दै संक्रमितहरुको स्वास्थ्य लाभको कामना गर्दछु/ छिमेकी गाउँपालिकामा नै संक्रमित पहिचान भई सकेको अबस्थामा उच्च जोखिममा रहेको यसकिस्पाङ गाउँपालिकामा हाल सम्म संक्रमित नभेटीए पनि यसको भयबाट अछुतो छैन /गाउँपालिकाले संघीय सरकार , प्रदेश सरकार साथै साझेदार संस्था र समुदायसंग मिलेरयस चुनौतीको सामना गर्न हर तरहले रोकथाम र नियन्त्रणकोप्रयास गरिरहेको छ/

४. कोभिड १९को महामारीले हाम्रा मानवीय अस्तित्वलाई नै चुनौती दिएको छ भने सामाजिक, आर्थिक प्रणालीहरुलाई नराम्ररी असर गरिरहेको छ/ यस्तो अबस्थामा गाउँबासीको दृढ आत्मविश्वास, संयमता र एकतापूर्ण भावनाले हाम्रा चालचलन, खानपिन र दैनिकी ब्यबहार परिबर्तन गरि महामारीको प्रतिरोध गर्नुको बिकल्प छैन/

५. बिश्व महामारीको अबस्थामा ज्यान जोगाउनु नै सबैको पहिलो प्राथमिकता रहेको छ/ लामो बन्दाबन्दीको कारण रोग संगै भोकका कारण ज्यान बचाउनु पर्ने चुनौती थपिएको छ/

विदेशरहेकाहरुको रोजगारी गुमेको छ/ असंगठित क्षेत्रमा काम गर्ने मजदूरलेलामो सम्म काम गर्न पाउनु भएन/ होटेलतथा निजि उद्योगमा भएको रोजगारी खोसिएको छ/ दुग्ध जन्य पदार्थ निर्यात रोकिएर किसानको उत्पादन खेर गैरहेको छ/

६. यस्तो विषम परिस्थितिमागाउँपालिकामा कोभिड १९ को रोकथाम र नियन्त्रणकोअग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, कर्मचारी र स्वयंसेवक प्रति हार्दिक आभार ब्यक्त गर्दैमहामारी नियन्त्रण र रोकथामको लागि स्थानीय तह विपद ब्यबस्थापन कोषमा रकम योगदान गर्नुहुने सबैलाई धन्यबाद ज्ञापन गर्दछु/

७. यो चुनौतीपूर्ण घडीमा यस गाउँपालिका नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार, गैर सरकारी संस्था तथा निजी क्षेत्रको समन्वय र सहकार्यबाटगाउँबासीको साथ रोग,भोक र शोकमा जुध्न प्रतिबद्द रहेको व्यहोरा ब्यक्त गर्न चाहन्छु/

गाउँ सभा सदस्य ज्यू हरु

८. म चालु आ.व. को प्रगतीको समिक्षा संक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु / दक्ष जनशक्तिको अभाव र बिश्व महामारीको प्रतिकुलताका बाबजुद पनि गाउँ पालिकाले भौतिक पुर्बाधार विकास, शिक्षा, कृषि, स्वास्थ्य, पशु विकास, सुशासनको क्षेत्रमा उल्लेखनीय प्रगती हाशिल गरेको छ/

९. गाउँपालिकाको पहलमा नेपाल सरकार र प्रदेश सरकारबाट बिशेष अनुदान र समपुरक अनुदान अन्तर्गतउल्लेखनीय बजेट प्राप्त गर्न सफल भएको छ भने आगामी आ.व. को लागि पनि पुर्बाधार बिकासका योजनाहरु नेपाल सरकार र प्रदेश सरकारको बार्षिक कार्यक्रम तथा बजेटमा पार्न सफल भएको छ/

१०. गाउँपालिकाले पुर्बाधारको क्षेत्रमा नेपाल सरकारको समपुरक कोष अन्तर्गत कामीडाँडा-भाल्चेबेशी सडक सुधार योजना र २ नं. वडा कार्यालय भवन निर्माण कार्य द्रूत रुपले कार्यान्वयन गरिरहेको छ/ यसले गाउँ पालिका केन्द्र जोड्न सहज हुनेछ भने वडा कार्यालय भवन निर्माण मार्फत वडाबासीहरुले सहज र प्रभावकारी सेवा पाउनेछन/

११. गाउँपालिकाको महत्वकांक्षी हाङक्वाङ स्योङ खानेपानी आयोजना नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको सहकार्यमा निर्माणाधीन रहेको मा आगामी आ.व. मा सम्पन्न गर्ने लक्ष राखिएको छ/

१२. नेपाल सरकारकै बिशेष अनुदानमा साल्मे र भाल्चे खोप केन्द्र र जल्जु बाल विकास केन्द्र निर्माण गर्न सफल भएका छौ/

१३. कृषि तर्फ मकै बालीमा लाग्ने अमेरिकी फौजी कीराको महामारी नियन्त्रण, किवी बगान रपालिका स्तरीय नर्सरी स्थापना गर्न सफल भएका छौ/ पशु विकास तर्फ महामारी नियन्त्रण , पशु आहार ब्यबस्थापन र पशु सुत्केरी भत्ता प्रभावकारी रुपमा संचालन गरिएको छ/

१४. स्वास्थ्य विपदको रुपमा कोभिड १९ को बिश्वब्यापी महामारी नियन्त्रण गर्न हेल्थ डेस्क स्थापना, क्वारेन्टाईन ब्यबस्थापन , **Rapid Daignostic Test** र स्वयंसेवक जनप्रतिनिधिहरुको एकिकृत पहलबाट हाल सम्म रोकथाम गर्न सफल भएका छौँ/ साथै काहुले स्वास्थ्य चौकीमा भिडियो एक्सरे र ल्याब सेवा संचालन गरिएको छ/

१५. गाउँपालिकाको दिर्घकालिन बिकासको लागि कोशेढुंगाको रुपमा रहेको किस्पाङ नौघडेरी एकिकृत पर्यटन गुरुयोजना कार्यान्वयन भैरहेको अबस्थामा नेपाल सरकारको आगामी आ.व.मा पनिबजेट बिनियोजन गराउन सफल भएका छौ/

१६. सिंचाईक्षेत्रको महत्वकांक्षी योजनाको रुपमा रहेको साप्साङ खोला मुहान गरी भाल्चे, काहुले, फिकुरी, मनकामना सिंचाई योजना गाउँपालिकाकै पहलमा संघबाट प्रदेशमा हस्तान्तरण भई आगामी बर्षदेखि प्रदेश सरकारले कार्यान्वयन शुरु गर्ने चरण सम्म आईपुगेका छौ/

१७. शिक्षा क्षेत्रमा शुन्य दरबन्दी भएका बिद्यालयमा गाउँपालिकाबाट अनुदान प्रदान गरी शैक्षिक सेवा गुणस्तर बनाई पठनपाठनलाई सहज बनाइएको छ/ सम्पूर्ण बिद्यालयहरुको पुर्ननिर्माण सम्पन्नको अन्तिम चरणमा रहेका छौँ/ गाउँपालिकाको उच्च शिक्षाको एक मात्र शैक्षिक केन्द्रको रुपमा रहेको क्याम्पसको भवन निर्माण, गाउँपालिका अनुदान मार्फत गुणस्तरीय शिक्षा प्रदान गर्न सफल भै राम्रो नतिजा प्राप्त गर्न सफल भएको छ/

१८. भौगोलिक विकटता, जनशक्ति अभाव, सिमित स्रोत र साधन , बिश्व महामारीका  बाबजुदसमृद्द नेपाल र सुखी नेपालीको  राष्ट्रिय सोचलाई मुर्तरुप दिनकिस्पाङ गाउँपालिकाको  "विकासको लागि पुर्बाधार समृद्द किस्पाङको आधार"भन्ने प्रष्ट दृष्टिकोणका साथलक्ष प्राप्ति गर्ने  प्रसस्त सम्भावनार अवसरहरु रहेका छन्/ सबै वडाकेन्द्र ग्रामिण सडक बाट जोडिएको छ/

१९. करिब सबै घरधुरीमा बिजुली पुगी सकेको छ/ बिद्यालयमा न्युनतम भौतिक पुर्बाधार उपलब्ध रहेको छ/प्रत्येक वडामा स्वास्थ्य चौकीहरु छन्/ खानेपानीको अभावमा कोहि पनि तड्पिनु परेको छैन/ खानेपानीसुदृढ कार्य निरन्तर चलिरहेको छ/ अन्डा र मासुमा आत्म निर्भर बनिसकेका छौं/ मटर, फर्सी, जडिबुटी, बाँसका सामाग्री, फर्सी निर्यात भई रहेका छन्/ दुग्धसंकलन गरी दुग्ध जन्य पदार्थ, कफी निर्यात शुरु गरीसकेका छौं/ राष्ट्रिय स्तरका  ठुला बिधुत आयोजना सम्पन्न हुने चरणमा छन्/ सबै नागरिकका निजी आवास पुनर्निर्माण सम्पन्न हुने चरणमा छ/

२०. भौगोलिक, सामाजिक र सांस्कृतिक बिबिधतामा सद्भावपूर्ण समाज भएको किस्पाङ गाउँपालिका सामाजिक आर्थिक र भौतिक विकासको प्रतिफल प्रत्येक नागरिकले आत्मसम्मानका साथ प्राप्ति गरुन भन्नेमा प्रतिबद्द रहेको छ/

गाउँ सभा सदस्य ज्यू हरु

२१. गाउँपालिकालेआ.व. ०७७/०७८ को नीति तथा कार्यक्रमले स्वास्थ्यमहामारी संगजुध्न स्वास्थ्य सेवा प्रणाली प्रभावकारी बनाउने,कोभिड १९ बाट सिर्जित संकटको ब्यबस्थापन गर्ने,कृषि, पशुपालन, जडिबुटी, बन, साना तथा मझौला उद्योग मार्फतरोजगारी सृजना गर्ने,भौतिक पुर्बाधार  विकासमा श्रम प्रधान योजनामा जोड दिने, विपद ब्यबस्थापनको आबश्यक पुर्व तयारी, बैकल्पिकशिक्षा प्रणालीको खोजी गर्ने र संस्थागत सुशासनअभिबृद्दि गर्नु पर्ने आबश्यकता महसुस गरेको छ/

२२. गाउँपालिकाको योजनाबद्द विकासको लागि आवधिक गाउँ विकास योजना तयार गरी बिकासकोमार्ग चित्र तयार गरिनेछ /यसको लागि विकास साझेदार सँगको साझेदारी र सहकार्य गरिनेछ/

कोभिड १९ बाट सृजित संकट ब्यबस्थापन सम्बन्धमा

२३. कोभिड १९ संक्रमणको व्यापकताले सृजना हुन सक्ने परिस्थितीलाई मध्य नजर गर्दै स्थानीयतहमा रहेको क्वारेन्टाईनमा मापदण्ड बमोजिम आबश्यक सुधार गर्दैविदेशबाट फर्केका गाउँबासीको लागि आबश्यक्ता अनुसार होमक्वारेन्टाईनमा, होटेल (Paid)क्वारेन्टाईनमा र सामुदायिक क्वारेन्टाईनमा राख्ने ब्यबस्था मिलाईनेछ/ सामान्य लक्षण देखिएका संक्रमितलाई गाउँपालिकामा कम्तिमा ५० बेड क्षमताको आइसोलेसन कक्ष स्थापना गरी उपचार गर्ने ब्यबस्था मिलाइने छ/ जिल्ला संग समन्वय गरि आपतकालीन उपचार तथा ब्यबस्थित प्रेषणको लागि एम्बुलेन्स सेवाउपलब्ध गराईनेछ/

२४. कोभिड १९ को महामारी रोकथाम, नियन्त्रण र उपचारको लागि अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी तथा अन्य जनशक्तिलाई उत्प्रेरणा जगाउनआबश्यक पर्ने आधारभुत स्वास्थ्य सुरक्षा सामग्री (मास्क, पन्जा, सेनीटाईजर, पिपीई)को अभाव नहुने ब्यबस्था र जोखिम भत्ताको ब्यबस्था गरिनेछ/

२५. कोभिड १९ का कारण रोजगारी गुमाउने र बैदेशिक रोजगारीबाट फर्केकाहरुलाई बिकासका पुर्बाधारमा संलग्न गराई कम्तिमा १०० दिनको रोजगारी सुनिश्चित गर्न आबश्यक कार्य गरिनेछ/ श्रम गर्न नसक्ने असक्त, असहाय, आर्थिक रुपले बिपन्न जेष्ठ नागरिक,अपांग, गर्भवतीर अति बिपन्न नागरिकहरुलाई राहतको ब्यबस्था गरिनेछ/

स्वास्थ्य**,** खानेपानीतथा सरसफाई

२६. वर्तमान परिस्थितिमा स्वास्थ्य सुशासन सुदृढीकरण गर्न स्वास्थ्य शाखाको जनशक्ति पुनराबलोकन गरी थप गर्ने,भएको जनशक्तिको क्षमता विकास गर्ने , प्रतिबेदन प्रणाली सुधार गर्न सूचना प्रबिधिको पहुँच स्वास्थ्य चौकी सम्म सुनिश्चित गर्ने ब्यबस्था गरिनेछ/

२७. “आधारभूत स्वास्थ्य सेवा आफ्नै आँगनमा” भन्नेमूल मन्त्र सहित स्वास्थ्य चौकीबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन सेवा, पोषण लगायतका जन स्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाहरुलाई प्रभावकारीबनाउन आबश्यक औषधि, उपकरण तथा स्वास्थ्य सामग्रीको लागि आबश्यक स्रोतको ब्यबस्था गरी आधारभुत स्वास्थ्य सेवामा  महिला, बालबालिका, दलित, अपांग, जेष्ठ नागरिक आदि लक्षित बर्ग सहित सबैको पहुँच सुनिश्चित गरिएको छ/

२८. गर्भवती महिलाको गर्भजांच प्रोत्साहनका लागि उपाध्यक्षको नेतृत्वमा हातमा अन्डा घरमा झन्डा कार्यक्रम संचालन गरिनेछ/ साथै गर्भवती महिला स्वास्थ्य स्थितिमा पोषण सुरक्षाको लागि क्याल्सियम वितरण गरिनेछ/

२९. स्वास्थ्य सेवालाई घर दैलोमा पुर्याउन स्वास्थ्य घुम्ती शिबिर मार्फत महिलाको पाठेघर परिक्षणजांच (Screening), जेष्ठ नागरिकको स्वास्थ्य परिक्षण, नसर्ने रोग परिक्षण (Screening), गाउँ घर क्लिनिक कार्यक्रम संचालन गरिनेछ/

३०. महिला, बाल तथा नवशिशुलाई लक्षित गरी नेपाल सरकारको प्राथमिकता प्राप्त  राष्ट्रियअभियानको रुपमारहेकास्वास्थ्य सेवा कार्यक्रमहरु राष्ट्रिय खोप कार्यक्रम, सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रम, पोषण कार्यक्रम, राष्ट्रिय क्षयरोग कार्यक्रम, स्वास्थ्य बिमा कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, परिवार नियोजन कार्यक्रम समेतलाई निरन्तरता दिईएको छ/राष्ट्रियअभियानको रुपमारहेकास्वास्थ्य सेवा कार्यक्रमहरु  प्रभावकारी कार्यान्वयन गर्नमहिला स्वास्थ्य स्वयंसेवक समेतलाई परिचालन गरिनेछ/

३१. गाउँपालिका वडा नं. ३ मा रहेको स्वास्थ्य चौकीलाई१५ सैयाको अस्पतालमा स्तरोन्नति गर्न आबश्यक पहल गरिएको छ/ स्वास्थ्य संस्थाहरुमा आबश्यकता अनुसार ल्याब तथा अन्य सेवाहरु विस्तार गरिनेछ/किशोर किशोरीलाई लक्षित गरी  किशोर किशोरी मैत्री स्वास्थ्य सेवा प्रदान गरिनेछ/

३२. बिद्यालयमा बालबालिकालाई स्वास्थ्य सम्बन्धि ज्ञान, सिप र अवधारणा अभिब्रिद्वी गर्न  बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम र बिद्यालय नर्स  कार्यक्रम निरन्तरता सहित विस्तार गरिनेछ/

३३. नेपाल सरकारको मार्ग निर्देश अनुसार खानेपानी, सरसफाई तथा स्वच्छता गुरु योजनाको अध्यावधिक गरिनेछ/"एक घर एक धारा "को नीति लाई निरन्तरता दिदै विकास साझेदार तथा गैर सरकारी संस्था संस्था संग समन्वय गरि खानेपानी योजनाहरुको पुनर्निर्माणमा जोड दिदै पूर्ण सरसफाईको कार्यक्रम संचालन गरिनेछ/

३४. गाउँपालिकाको क्वारेन्टाईन, आइसोलेसन तथा स्वास्थ्य संस्थामा आबश्यक खानेपानी, सरसफाई तथा स्वच्छता सुदृढ गरिनेछ/ यसका लागिविकास साझेदारसंस्थाहरु संग पहल गरिनेछ/

शिक्षा

३५. कोभिड १९ को कारण बिद्यालयबन्द रहेको अबस्थामा बालबालिकाको सिकाई प्रणाली अबरुद्ध भएको यस विषम परिस्थितिमा नेपाल सरकारको मार्गदर्शन अबलम्बन गरीबैकल्पिक पठनपाठन बिधिमार्फत सिकाई प्रणाली लाई निरन्तरता दिईनेछ/

३६. नेपाल सरकारको शिक्षा नीति संग तादम्यता हुने गरी गाउँ शिक्षा नीति तर्जुमा गर्ने र गाउँ शिक्षा ऐन तथा नियमावलीलाई परिमार्जन गरिनेछ रआबश्यकता अनुसार निर्देशिकाहरु तयार गरी गाउँ शिक्षा समिति र वडा शिक्षा समितिलाई प्रभावकारी बनाईनेछ/ सोहि नीति, ऐन, नियम अनुसार संस्थागत बिद्यालय संचालन र तह बृद्वीको अनुमति दिईनेछ/

३७. नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम विद्यार्थी संख्या र तहगत बिद्यालय संचालनका आधारमा शिक्षक दरबन्दी मिलान, बिद्यालय गाभ्ने, स्थानान्तर गर्ने,समायोजन, एकीकरण र नामांकन गर्ने , बिद्यालयको तह बृद्वी तथा तह घटुवा गरी तह निर्धारण गर्ने नीति लिईनेछ/

३८. बिद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच बृद्वी गर्न अभिभाबक शिक्षा कार्यक्रम **,** बिद्यालय भर्ना अभियान**,** दिवा खाजा कार्यक्रम, किशोरीहरुलाई निशुल्क सेनेटरी प्याड वितरण कार्यक्रमसंचालन गरीनेछ/ बिपन्न, अभिभाबक बिहिन, अशक्त, र प्रकोप पिडित बालबालिकालाई शिक्षा सामग्री निशुल्क वितरण गरिनेछ/ दलित बालबालिका र छात्राहरुलाई छात्रवृत्तिको ब्यबस्था गरिनेछ/

३९. सामुदायिक बिद्यालयको गुणस्तर बृद्वी गर्न प्रत्येक बिद्यालय लाई बिद्यालय सुधार योजना बनाई कार्यान्वयन गर्ने अनिबार्य ब्यबस्था गरिनेछ/सुपरीक्षण तथा नतिजामा आधारित अनुगमन योजना तयार गरी कार्यान्वयन गरिनेछ/ बाल क्लब परिचालनआदिको ब्यबस्था गरिनेछ/

४०. "रोजगारीको आधार प्राबिधिक शिक्षा नै पुर्बाधार" भन्ने मूल मन्त्रका साथ कृषि, पशुपालन र जडिबुटीको उच्च सम्भावना रहेकोले आफ्नै गाउँपालिकामा रोजगारी सिर्जना गर्न कृषि शिक्षा लाई प्रभावकारी बनाई जडिबुटी, पशु र ईन्जीनीयरीङ शिक्षालाई बिद्यालय शिक्षा संग आबद्व गरी संचालन गर्न पहल गरिनेछ/

४१. शिक्षाको गुणस्तर बृद्वी गर्न गाउँपालिकाको शिक्षा शाखालाई प्रभावकारीरुपमा परिचालन गरि तथ्यांक तथा अभिलेखीकरण ब्यबस्थापन गर्ने, प्रभावकारी सुपरिबेक्षण र अनुगमन गर्ने, समन्वय र सहकार्यलाई सुदृढीकारणगरि नेतृत्वदायी भूमिका प्रदान गरिनेछ/

४२. बाल विकास केन्द्र र बिद्यालयको न्युनतम भौतिक तथा शैक्षिक पुर्बाधार निर्माण गर्ने ब्यबस्था गरिने छ/ यसको लागि शिक्षक अनुदानको ब्यबस्था गरिएको छ/ शिक्षकहरुको पेशागत विकासका लागि आबश्यक तालिमको ब्यबस्था गरिनेछ/ सामुदायिक अध्ययन केन्द्रलाई अभिभावक शिक्षा प्रदान गर्न परिचालन गरिनेछ/

कृषि तथा पशुपालन विकास

४३. कृषि तथा पशु विकासको लागि नीतिहरु तर्जुमा गरी ऐन, नियम र निर्देशिकाहरुमा आबश्यकता अनुसार परिमार्जन गरिनेछ/ कृषि तथा पशु बिकासको लागि विकास साझेदारहरुलाई कार्यक्रम संचालन गर्न आबश्यक सहजीकरण, सहकार्य र समन्वय गरिनेछ/

४४. कृषि र पशुपालन,उच्च सम्भावना भएको गाउँपालिकाको खाद्य सुरक्षा सुनिश्चित गर्न बाझो जमिन उपयोग, ब्यबसायिक उत्पादन, बजार प्रबर्द्वन, किसान संरक्षण र प्रोत्साहन, तरकारी तथा मासु जन्य उत्पादनमा आत्मनिर्भर र निर्यातमुखी बनाउने नीति अबलम्बन गरिनेछ/कृषि र पशुक्षेत्रको बिकासको लागि गाउँपालिका भित्र ब्यबसायिक कृषि गर्ने किसानलाई किसान परिचयपत्र कार्यक्रम लागु गरी

सहयोग गरिने नीति अबलम्बन गरिनेछ/ कृषि तथा पशु पंक्षी सम्बन्धि तथ्यांक अध्यावधिक गरिनेछ/

४५. गाउँपालिका भित्रको कृषियोग्य जमिनलाई बाझो राख्न नपाउने ब्यबस्था गर्नप्रदेश सरकारसंगकोसमन्वयमा भुमि बैंक स्थापना गर्न बाझो जमिनको लगतसंकलन कार्य शुरु गरिनेछ/

४६. किस्पाङ गाउँपालिकालाई रासायनिक बिषादी न्यूनीकरण गर्दै जैविक तथा प्रांगारिक (अर्गानिक) खेतिको नमुना गाउँ बनाउन किसानलाई प्रोत्साहित गरिनेछ/

४७. "एक घर एक करेसाबारी: पकेट क्षेत्रमा ब्यबसायिक तरकारी" भन्ने अभियानका साथ तरकारीमा आत्मनिर्भर बनाई निर्यात गर्न प्रोत्साहन गरिनेछ/ पहिचान भएका तरकारी पकेट क्षेत्र र पशु विकास पकेट क्षेत्रहरुलाई लक्षित गरी कृषि तथा पशु विकासको लागि थप जनशक्ति ब्यबस्था गरी प्राबिधिक सेवा प्रभावकारी बनाईनेछ/

४८. फलफुल क्षेत्रको दिर्घकालिन बिकासको लागि फलफुल दशक अन्तर्गत बिरुवा वितरण तथा रोपण कार्यक्रम साझेदारीमा संचालन गरिनेछ/

४९. कृषि तथा पशु बिकासको लागि सूचना प्रचारप्रसार, तालिम, कृषक सिकाई भ्रमण, कृषि मेला प्रदर्शनी जस्ता कार्यक्रम संचालन गरिनेछ/ गाउँपालिका क्षेत्र भित्रका उत्कृष्ट कृषकहरुलाई सम्मान तथा पुरष्कृत गरिने ब्यबस्था गरिनेछ/

५०. कृषि, पशु तथा जडिबुटी जन्य उत्पादनलाई बजारीकरण गर्न निजि तथा सहकारी संस्थाहरुसंगसाझेदारी गरी कृषि उत्पादनलाईमूल्य सृंखला सुदृढ गर्ने नीति अबलम्बन गरीबजार सुनिश्चित गर्न ढुवानी ब्यबस्थापन तथा अनुदानको ब्यबस्था मिलाईनेछ/

५१. लक्षित वर्ग महिला, दलित, भूकम्पबाट बिस्थापित, अति बिपन्न समुदायका किसानहरुलाई बिशेष ब्यबस्था गरीहरेक प्रकारका अनुदान, प्रबिधि सहयोगमा लक्षित बर्ग लाई सुनिश्चित गरीकृषि तथा पशुपालनकार्यक्रम संचालन गरीनेछ/

५२. स्वस्थ माटो उत्पादनको आधार भन्ने  नाराका साथ माटो प्रयोगशाला संचालन गरी माटो परिक्षण सेवा शुरुवात गरिनेछ/ साथै माटो सुधारको लागि आबश्यक सामग्री र प्रबिधि सहयोग गर्ने नीति अबलम्बन गरिनेछ/

५३. कृषक समुह तथा सहकारी मार्फत कम्तिमाएक वडा एक तरकारी नर्सरी स्थापना तथाब्यबस्थापनको लागि अनुदान सहयोग उपलब्ध गराईनेछ/

५४. बाली संरक्षणलाई ध्यानमा राखी नविनतम प्रबिधि तथा ज्ञान सिपको प्रसारको लागि नमुना यन्त्र उपकरण, पासो, बिषादीहरुको ब्यबस्था गरिनेछ/ साथै महामारी रोकथाम, नियन्त्रण र उपचारको  लागि पूर्व तयारी, गर्दै पिडित किसानको ब्यबसायिक पुनर्स्थापना र निरन्तरताको लागि राहत  ब्यबस्था गरिनेछ/

५५. सिंचाई सुबिधा उपलब्ध नभएको क्षेत्रमा बर्षभरी नै सिंचाई गर्ने गरी आबश्यक पुर्वाधार निर्माणका कार्यक्रम संचालन गरिनेछ/

५६. पशुपालनको क्षेत्रमादुधउत्पादन र बिक्रि गर्न प्रोत्साहन गर्ने उद्देश्यले “दुध उत्पादन बिक्रीथालौ, पशु सुत्केरी भत्ता प्राप्त गरौ” भन्ने अभियानका साथ  दुध उत्पादन गरी संकलन केन्द्रमा बिक्रि गर्नकिसान प्रोत्साहनको लागि पशु सुत्केरी भत्तालाई निरन्तरता दिईनेछ/दुग्धजन्य पदार्थ उत्पादन गर्न आबश्यक तालिम प्रदान गरि दुधको खपत बृद्वी गरी बजार सुनिश्चित गर्ने नीति लिईएको छ/

५७. एक वडा एक उत्पादनको नीतिलाई अबलम्बन गरी बाख्रा, गाई भैंसी, कुखुरालाई ब्यबसायिकिकरण गर्न पकेट क्षेत्र विकास गरी कार्यक्रम संचालन गरिनेछ/ साथै कृत्रिम गर्भाधान दुध उत्पादनको आधार लाई मुर्त रुप दिन  नश्ल सुधारको कार्यक्रम संचालन गरिनेछ/

५८. कृषकको लगानीलाई सुरक्षित बनाउन र पशुधन संरक्षण गर्न पशु तथा बाली बिमालाई प्रोत्साहन गरिनेछ/ महामारी रोकथाम , नियन्त्रण तथा उपचारकाका लागि आबश्यक खोप तथा औषधिको ब्यबस्थापन सहित पुर्व तयारीको ब्यबस्था गरिनेछ/

५९. विदेशबाट फर्केका र विदेश पलायन हुनबाट रोक्न युवाहरुलाई लक्षित गरी स्वदेशमा नै रोजगारी सृजना हुने गरी गाई भैसी पालन, नमुना गोठ निर्माण, उन्नत पशु आहारा ब्यबस्थापन तथा हिउँदे

तथा बर्षे घाँसको बिरुवा ब्यबस्थापन गरी पशुको उत्पादकत्वमा बृद्वी गरिनेछ/ यस कार्यक्रम संचालन गर्दा महिला, दलित तथा अति बिपन्न परिवार लाभान्वित हुने गरी सुनिश्चित गरिनेछ/

६०. पशु स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन जनशक्ति थप, प्रयोगशालाको स्थापना र पशु सेवा शाखाबाट प्रदान गरिने नियमित सेवाको सूची उल्लेख गरी सूचना पार्टीको राख्ने ब्यबस्था गरिनेछ/

६१. सहकारी संस्थाहरुको बस्तुस्थिति उल्लेख गरी प्रोफाइल तयार गरी क्षमता विकासका क्रियाकलाप संचालन गरिनेछ/

कला संस्कृति तथा पर्यटन विकास

६२. संस्कृती र प्रकृतिमा आधारित  पर्यटन बिकासको माध्यमबाट आर्थिक विकास र रोजगारी सृजना गर्न पर्यटकीय स्थलको पहिचान, पुर्बाधार विकास, स्थानीय तथा मौलिक संस्कृतीको संरक्षण र प्रचारप्रसार गर्ने नीति अबलम्बन गरिनेछ/

६३. दिर्घकालिन महत्वको पर्यटन पुर्बाधार बिकासको नीतिकार्यान्वयनका लागि नेपाल सरकार र प्रदेश सरकार संग पहल गरि किस्पाङ नौघडेरी एकिकृत पर्यटन गुरु योजना अनुरुप पर्यटकीय भौतिक पुर्बाधार विकास (पदमार्ग, बनभोज स्थल, पोखरी संरक्षण, गुम्बा संरक्षण, तामाङसांस्कृतिक संग्रालय) को लागिकिस्पाङ नौघडेरी एकिकृत पर्यटन गुरु योजनालाई गाउँपालिकाको गौरव योजनाको रुपमा सम्पन्न गर्न, निर्माण कार्यलाई प्राथमिकता दिईनेछ/ पर्यटन प्रबर्द्वनको लागि नेपाल सरकार, नेपाल पर्यटन बोर्ड, प्रदेश सरकार तथा अन्य विकास साझेदार संग समन्वय गरी निरन्तर पहल गरिनेछ/

६४. होम स्टे, जैविकतरकारीउत्पादन, स्थानीय मौलिक खानालाई स्तरीकरण र प्रबर्द्वन गर्न आबश्यक तालिम उपलब्ध गराउने ब्यबस्था गर्न पहल गरिनेछ/

लघु उद्यम तथा निजि क्षेत्रको विकास

६५. निजि क्षेत्रको बिकासको लागि उद्योग बाणिज्य संघ , लघु उद्यमी संघ जस्ता संस्थागत संरचना पालिका स्तरमा स्थापना गर्न स्थानीय उद्यमी तथा ब्यपारी संग अन्तरक्रिया र नुवाकोट उद्योग

बाणिज्य संग समन्वय गरिनेछ/ विकास साझेदारको सहयोगमा साना तथा मझौला उद्यमीहरुको अभिलेख राखी प्रोफाइल तयार गरिनेछ/

६६. स्थानीय कच्चा पदार्थ र स्रोतको उपयोग गर्दै दुग्धजन्य पदार्थ उत्पादन, बेकरी, चाउमिन, बाँसका सामग्री, राडीपाखी तथा मौलिक संस्कृतिक संग जोडिएका सामाग्रीहरुको लघु उद्यम ब्यबसायलाईप्रबर्द्वन गर्न दर्ता तथा नविकरण कार्यमा सहज बनाउन आबश्यक पहल गरिनेछ/

६७. उद्योग बाणिज्य संघ संग सहकार्य गरी ब्यबसाय दर्ता, कर प्रणाली आदिको बिषयमा सहजीकरण गर्ने ब्यबस्था मिलाईनेछ/ आगामी बर्ष ब्यबसाय दर्तालाई अभियानको रुपमा संचालन गरिनेछ/

राजश्व नीति

६८. स्थानीय सरकारको क्षेत्र भित्रका करको आधार फराकिलो पार्दै राजश्व बृद्वी गर्न कर तथा गैरकर राजश्वको अधिकतम परिचालन गर्ने नीति लिएको छ/

६९. यस गाउँ पालिकाले राजश्वको दर भन्दा दायरा बढाउने नीति अबलम्बन गरिनेछ/ आगामी आ.व. ब्यबसायिक कर योजनालाई समेटेर विकास साझेदार संग सहकार्य गरी राजश्व सुधार कार्ययोजना बनाई संचालनमा ल्याईने छ/

७०. कोभिड १९ का कारण ब्यबसायी तथा अन्य करदाताहरुको समस्यालाई ध्यानमा राखी राजश्व संकलनका मापदण्डहरु तय गरिनेछ/

७१. आम जनता र ब्यबसायीलाई राजश्वको महत्वबारे जनचेतना बृद्वी गर्न कर शिक्षामा बिशेष जोड दिईनेछ/

७२. गाउँपालिकालाई सबै भन्दा बढी कर तिर्ने व्यक्ति र ब्यबसायिक संस्थालाई सम्मान गर्ने ब्यबस्था गरिनेछ/ दलित, एकल महिला, अपांग, भूकम्पबाट बिस्थापित ब्यबसायीलाई करमा सहुलियत गर्ने नीति लिईनेछ/

भौतिक पुर्बाधार

७३. सबैवडाहरुमा वर्षायाममा समेत यातायात सेवासुचारु गर्न सडक मर्मत सम्भारलाई उच्च प्राथमिकता दिईने छ र सडक मर्मत र सम्भारको लागि सडक मर्मतसम्भारकर्ता परिचालन गरिनेछ/

७४. भौतिक पुर्बाधार निर्माण गर्दा बाल मैत्री, महिला मैत्री, अपाङ्ग मैत्री, बाताबरण मैत्रीसंरचना निर्माण गर्ने ब्यबस्था गरिनेछ/

७५. भौतिक पुर्बाधार विकासको लागि कोभिड १९ लाई सम्बोधन गर्ने र कोभिड १९को कारण उत्पन्न रोजगारीको समस्यालाई सम्बोधन गर्न श्रममुलक, स्वास्थ्य पुर्बाधार, उत्पादनमुलक सिंचाईका पुर्बाधार र सम्पन्न हुन नसकेका अपुरा योजनाहरुलाई सम्पन्न गर्ने नीति अबलम्बन गरिनेछ/

७६. दिगो विकास र सुरक्षाको लागि सडक मापदण्ड समेत तयार भई भवन मापदण्ड पारित भईसकेकोले अनिबार्यनक्सा तथा डीजाईन स्वीकृति गरीकार्यान्वयन गर्ने नीति अबलम्बन गरिने छ/

७७. प्राबिधिक शाखाको क्षमता बृद्वी गर्न आबश्यक सामग्रीहरुको ब्यबस्थाका साथै कर्मचारीको क्षमताबिकासको लागि आबश्यकता ब्यबस्था गरिनेछ/

७८. भौतिक पुर्बाधारको गुणस्तर सुनिश्चित गर्न अनुगमन समितिलाई प्रभावकारी रुपमा परिचालन गरी चेक लिष्टमा आधारित अनुगमन गरिनेछ/ अनुगमन निर्देशिका तयार गरी अनुगमन योजना बनाउने र कार्यान्वयन गर्ने ब्यबस्था गरिनेछ/

बन, विपद तथा बाताबरण

७९. बनजन्य उत्पादन बाँस, निगालो, काठ उत्पादनबाट घरेलु तथा साना उद्योग मार्फत रोजगार सिर्जना गर्ने नीति लिईएको छ/

८०. बर्षे खहरे खोलाको बाढीको कारण उत्पन्न मानबिय जोखिम न्यूनीकरण गर्न झोलुङ्गे पुल निर्माणका लागि नेपाल सरकार, प्रदेस सरकारतथा विकास साझेदार संस्थासंग साझेदारी गर्ने नीति लिईएको छ/

८१. गाउँपालिकाको कठिन भौगोलिक अवस्थाले सिमित स्रोतबाट पहिरो नियन्त्रण गर्ने कार्य चुनौतीपूर्णभएकोले नियन्त्रणको लागि बायो ईन्जिनियर र तार जाली गर्ने नीति अबलम्बन गरिएको छ/

८२. गाउँपालिकाका मुख्य बजार केन्द्रमा फोहोरमैला ब्यबस्थापनको लागि फोहोर संकलन र ब्यबस्थापनको ब्यबस्था मिलाईएको छ/ वडा नं. ३ लाई पलाष्टिकजन्यझोलारहितनमुनावडा बनाउन समुदाय संग संग सहकार्य गरी प्रभावकारी कार्यान्वयन गरिनेछ/

८३. विपद ब्यबस्थापन स्थानीय निती २०७७ र विपद जोखिम न्यूनीकरण तथा ब्यबस्थापन प्रतिकार्य योजना २०७७गाउँ सभाबाट पारित गरी लागु गरिनेछ/ विपद प्रतिकार्य प्रणाली प्रभावकारी बनाउन नेपाल सरकार, प्रदेश सरकार तथा विपद ब्यबस्थापनमा कार्यरत साझेदार संस्थासंग आबश्यक समन्वय र सहकार्य गरिनेछ/ स्थानीय विपद जोखिम ब्यबस्थापन समितिलाई सक्रिय बनाई परिचालन गरिनेछ/

८४. विपद ब्यबस्थापन कोष बृद्वी गरी विपद तथा जोखिमहरुबाट सृजित संकटहरुको सामना गर्नेर विपदमा परेकाहरुलाई तत्काल आबश्यक राहतको ब्यबस्था गरिनेछ/

सुशासनतथा संस्थागत विकास

८५. सूचना अधिकारी तथा गुनासो सुनुवाई अधिकारीकोप्रभावकारी ब्यबस्था गरी सूचना प्रणालीलाई ब्यबस्थित र पारदर्शी बनाउने, गुनासो सुनुवाई सम्बोधन गरी अभिलेख राख्ने ब्यबस्था गरिनेछ/ सूचना केन्द्र स्थापना गरीतथ्यांक तथा अभिलेखलाई ब्यबस्थापन गर्न आबश्यक कार्य गरिनेछ/

८६. स्थानीय तहको संस्थागतस्वमूल्यांकनकार्य प्रतिबेदनअनुसार कार्ययोजना कार्यान्वयनगरी प्रत्येक आ.व. मास्वमूल्यांकनकार्य गर्ने ब्यबस्था गरिनेछ/

८७. खरिद प्रणालीलाई ब्यबस्थित गर्न खरिद गुरु योजना र बार्षिक खरिद योजना तयार गरी कार्यन्वयन गरिनेछ/

८८. गाउँपालिकाको ज्ञान तथा अभिलेख ब्यबस्थापनको लागि प्रत्येक शाखाहरुले चौमासिक/बार्षिक प्रगती समिक्षा गरी प्रतिबेदन तयार गर्ने र सार्बजनिक गर्ने ब्यबस्था गरिनेछ/

८९. गाउँपालिकाकार्यालय र वडा कार्यालय निर्माणको लागि आबश्यक पहल गरि सेवा प्रभावकारी बनाईनेछ/ गाउँपालिका र वडा कार्यालयमा नागरिक बडापत्र तयार गरी कार्यालय हाता भित्र देखिने गरी राखीनेछ/

९०. उत्तरदायी गाउँ सरकार बनाउन सार्बजनिक जवाफदेयीताका औजारहरु सार्बजनिक सुनुवाई, सार्बजनिक परिक्षणको कार्यबिधि तयार गरी कार्यान्वयन गरिनेछ

९१. योजना, जिन्सी, राजश्व प्रशासन संग सम्बन्धित क्रियाकलापहरुलाई सफ्टवेयरमा आधारित बनाई कार्यालयको सेवा प्रबाहलाई छिटो, छरितो र पारदर्शी बनाईनेछ/

लैंगिकसमानता तथा सामाजिक समाबेशीकरण

९२. लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण)कार्यविधि २०७६ पारित गरिएको रलैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण(GESI Audit गरितयार गरिएको कार्ययोजना कार्यान्वयन गरीनुका साथै प्रत्येक आ.व. मा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणकार्य संचालन गरिनेछ/

९३. गाउँपालिकाका जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धि राष्ट्रिय नीति, अन्तराष्ट्रिय प्रतिबद्दताहरुको अभिमुखीकरण गर्ने ब्यबस्था मिलाइनेछ/

९४. बिकासको मूल प्रबाहमा “कोहि पनि पछाडी नछुटुन” भन्ने अभिप्रायका साथ सिमान्तिकृत तथा बंचितिकरणमा परेका समुदाय दलित, महिला, बालबालिका, अपांग, जेष्ठ नागरिकलाई बिशेष सम्बोधन गर्ने कार्यक्रम संचालन गरिनेछ/ यी समुदायलाईसबै क्षेत्र सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरिनेछ/

९५. बिपन्न दलित तथा महिला लक्षित कार्यक्रम अन्तर्गत सिपमुलक तालिम संचालन गरिनेछ साथै उच्च शिक्षा र प्राबिधिक शिक्षा पढ्नछात्रवृत्ति कार्यक्रम संचालन गरिनेछ/

९६. नेपाल सरकारलेअन्तराष्ट्रिय समुदाय संग  गरेका प्रतिबद्वताहरु मानव अधिकार, महिला अधिकार, बाल अधिकार, जातीय विभेद सम्बन्धि अन्तराष्ट्रिय महासन्धिहरु, दिगो विकास लक्षहरु स्थानीयकरण गरी लागु गरिनेछ/ महिला, जनजाती, दलित, अपांग आदि संग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु प्रभावकारी रुपमा संचालन गरी सशक्तिकरण गरिनेछ/गाउँपालिका  लैंगिक समानता तथा सामाजिक समाबेशीकरण फोकल पर्सन तोकिनेछ/

९७. नेपाल सरकारको नीति अनुरुप स्थानीय स्तरमा लैंगिक हिंसा निवारण कोष स्थापना गरी घरेलु हिंसालाई न्यूनीकरण गर्ने नीति अबलम्बन गरिनेछ/

९८. गैरसरकारी संस्थासंगको सहकार्यलाई प्रभावकारी बनाउन गैसस प्रोफाइल तयार गरी समन्वय, अनुगमन र नियमन प्रभावकारी बनाईनेछ/ गाउँपालिकामा समन्वय सहज गर्न गैसस फोकल पर्सन तोकिनेछ/

९९. युवाहरुलाई लक्षित गरी खेलकुद, आयआर्जन तथा रोजगारीका  कार्यक्रमहरु संचालन गरिनेछ/ बेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारीको ब्यबस्था गरिनेछ/

१००. बालबचाऊ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको लागि बिद्यालय र समुदायमा आधारित बाल क्लबको गठन र सक्रिय बनाईनेछ/ बाल क्लबहरुको सुचिकृत गरी अभिलेख ब्यबस्थापन गरिनेछ/ बाल बिकासको लागि बिद्यालय र पालिका स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलापका कार्यक्रम संचालन गरिनेछ/ प्रत्येक वडामा युवा क्लब गठन गरी परिचालन गर्ने नीति अबलम्बन गरिनेछ/

१०१. नेपाल सरकारको सामाजिक सुरक्षाको नीति अनुरुप जेष्ठ नागरिक, दलित जेष्ठ नागरिक, एकल महिला, सामाजिक सुरक्षा भत्ताको राष्ट्रिय कार्यक्रमलाई निरन्तरता दिइने छ/आगामी बर्षदेखि सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणाली मार्फत वितरणको ब्यबस्था मिलाईनेछ/

१०२. विवाद निरुपण स्थानीय तहमै गर्न न्यायिक समितिको क्षमता विकास गरी अझ बढी प्रभावकारी बनाईनेछ/

१०३. किस्पाङ गाउँपालिकाको आ.व. ०७७/७८ को  नीति तथा कार्यक्रमले बार्षिक बजेट लाई मार्ग निर्देश गरी बिगत देखि लिएको "विकासको लागि पुर्बाधार समृद्ध किस्पाङको आधार"भन्ने दृष्टिकोणलाईसार्थक बनाउन महत्वपूर्ण भूमिका हुने बिश्वास लिएको छु/ यस नीति तथा कार्यक्रम प्रभावकारीकार्यान्वयनको लागि यस गाउँपालिकामा उपलब्ध स्रोत साधनको समुचित उपयोगबाट लक्ष हासिल गर्न सम्पूर्ण गाउँबासी र सरोकारवालाहरुको सहयोगको अपेक्षा गर्दछु/

१०४. आ.व. ०७७/७८ को नीति तथा कार्यक्रम तयारीको लागि खटिने सम्पूर्ण कर्मचारीहरु साथै यस कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा रचनात्मक सहयोग गर्ने जन प्रतिनिधिहरु, सञ्चारकर्मी, राजनीतिक दल, विकास साझेदार, उद्यमी ब्यबसायी, किसान, महिला तथा विभिन्न पेशामा संलग्न शुभेच्छुकहरुलाई हार्दिक धन्यबाद दिन चाहन्छु/

धन्यबाद**!**